# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

बैंक अफ मंगोलियाले यही मंसिर ७-९, २०६९ मा राजधानी उलानबाटरमा आयोजना गरेको दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरुको संगठन सियासन बोर्ड अफ गभर्नर्सको ३२ औं बैठक, ४८ औं गभर्नर्स सम्मेलन तथा उच्चस्तरीय गोष्ठीमा




गभर्नर डा. युवराज खतिवडाले भाग लिनु भयो ।

मंगोलियाका प्रधानमन्त्री Altankhuyag Norov ले प्रमुख आतिथिको रुपमा मंसिर ७ गते कार्यक्रमको उदघाट्न गर्दै सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । सो सम्मेलनमा बढ्दो वित्तीय एकीकरणले विकासशील मुलुकहरुले अन्तर्राष्ट्रिय वित्तीय बजारबाट साधनको व्यवस्थापन गर्न सक्ने अवस्थाको सिर्जना भए तापनि वित्तीय साधनको आप्रवाहलाई उपयुक्त नीतिगत व्यवस्था अवलम्बन गर्ने, विदेशी पूँजीको आप्रवाहमा निहीत जोखिम न्यूनीकरण गर्न बेलैमा सजगता अपनाउन सकेको खण्डमा त्यस्तो वित्तीय साधन आर्थिक विकासको संवाहक हुन सक्ने विषयमा विस्तृत छलफल तथा विचार विमर्श भएको थियो ।

बैंक अफ मंगोलियाका गभर्नर Zoljargal Naidansuren ले स्वागत मन्तव्यका क्रममा सियासन अनुसन्धान तथा तालिम केन्द्र क्षेत्रीय स्तरमा वित्तीय बजारको विकास र




स्थायित्व प्रवर्द्धन गर्न सफल रहेको विचार व्यक्त गर्नु भएको थियो । सोही क्रममा यस्तो प्रकारको कार्यक्रमबाट सदस्य मुलुकका गभर्नर तथा निजका प्रतिनिधिहरुबीच नीतिगत अनुभवको आदान प्रदान र कुनै पनि प्रकारका वित्तीय संकटसँग जुध्नका लागि साझा धारणा बनाउन केन्द्र सहयोगी हुने विचार उहाँको रहेको थियो ।

सियासन केन्द्रका निवर्तमान अध्यक्ष तथा बैंक अफ कोरियाका गभर्नर Dr. Choongsoo Kim ले उद्घाटन सत्रमा प्रस्तुत

२०६९ मंसिर ११ गते सोमबार

गभर्नरको कार्यालय

# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

स्वागत मन्तव्यको प्रत्युत्तरका क्रममा वित्तीय क्षेत्रको क्षेत्रीय एकीकरणबाट मुलुकहरुले आर्थिक वृद्धि, स्थायित्व र प्रणालीगत सुदृढता हासिल गर्न सक्ने कुरामा जोड दिँदै यसको प्रभावकारिताका लागि सदस्य मुलुकहरुका बीच पर्याप्त मात्रामा तथ्यांक तथा सूचनाको आदान प्रदान गर्ने र समन्वयात्मक ढङ्गले नीतिगत व्यवस्था अवलम्बन गर्नु पर्ने बताउनु भयो ।

३२ औं सियासन बोर्ड अफ गभर्नर्स बैठकले आगामी वर्ष सन् २०१३ को कार्यक्रम तथा बजेट स्वीकृत गर्नुका साथै परिमार्जित मापदण्डका आधारमा नयाँ सदस्यता प्रदान गर्ने, सन् २०१३ का लागि बैंक अफ मंगोलियाका गभर्नरलाई अध्यक्ष छनौट गर्नुका साथै आगामी ३३ औं बोर्ड अफ गभर्नर्स बैठक र ४९ औं सियासन गभर्नर्स सम्मेलन सन् २०१३ मा नेपालमा आयोजना गर्ने निर्णय गरेको थियो ।

बैठक, सम्मलेन तथा गोष्ठी लगायतका उच्चस्तरीय कार्यक्रममा International Financial Contagion and Volatile Capital Flows; Outlook, risks and policy implications in the Asia Pacific Region, Regional and Global Liquidity Arrangement in the context of Responses to External Shocks; Rethink the New Financial Architecture; the Roots of Systemic Risk and Contagion some lessons for Emerging Asia; जस्ता मूल विषयहरुमा घनिभूत ढङ्गले छलफल भएको थियो ।



उपरोक्त विषयहरुमा भएको छलफलमा गभर्नर डा. युवराज खतिवडाले सियासन केन्द्रले ज्वलन्त र चुनौतीपूर्ण समसामयिक विषयमा सदस्य मुलुकका केन्द्रीय बैंकका गभर्नरहरुको बैठक आवश्यकता अनुरुप आयोजना गर्न सियासन सचिवालयले अग्रसरता लिनु पर्ने, केन्द्रले अनुसन्धानमूलक अध्ययन कार्यलाई विशेष प्राथमिकतामा राख्नु पर्ने कुरामा जोड दिनु भएको थियो । त्यसै गरी, कार्यक्रममा मौद्रिक नीति मूलतः वास्तविक क्षेत्रको दिगो वृद्धिउन्मुख हुनु पर्ने जसबाट स्वदेशमा नै पर्याप्त मात्रामा रोजगारीका अवसरहरु सिर्जना गर्न सकियोस् भन्ने विचार समेत व्यक्त गर्नु भयो । अर्थतन्त्रको वास्तविक क्षेत्रलाई प्रभाव नपारी भएको वित्तीय क्षेत्रको विकासले ढिलो चाँढो सङ्कट निम्त्याउने कुरामा गम्भीर हुनु पर्नेमा उहाँले जोड दिनु भएको थियो भने पछिल्ला

# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

दुई दशकको मुद्रा तथा वित्तीय सङ्कटले नयाँ वित्तीय संरचनाको आवश्यकता महसुस गराएको र त्यसका लागि वित्तीय प्रणालीको नियमक र सुपरिवेक्षक निकाय एवं मौद्रिक अधिकारी एउटै छातामुनि अर्थात केन्द्रीय बैंकको जिम्मेवारी भित्रै राख्नु पर्ने अवस्थाको सिर्जना भएको कुरा व्यक्त गर्नु भएको थियो ।



बोर्ड अफ गभर्नर्स बैठकका अतिरिक्त गभर्नर डा. खतिवडाले पिपुल्स बैंक अफ चाइनाका डेपुटी गभर्नरसँग भुक्तानी प्रणाली सुदृढीकरण, व्यापार सहजीकरण लगायत आपसी सहयोगका विषयहरुमा समेत छलफल गर्नु भएको थियो ।

उपरोक्त कार्यक्रमहरुमा भाग लिइ गभर्नर डा. खतिवडा आज स्वदेश फर्कनु भयो ।

२०६९ मंसिर ११ गते सोमबार

गभर्नरको कार्यालय